लेखापरीक्षण प्रतिवेदन

व्यास नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

व्यास नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/455

श्री प्रमुखज्यू,
व्यास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ दमौली।

कैफियतसहितको राय

हामीले त्यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को आर्थिक विवरणले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ३०,३६,५०,२७७।- र पर्यटन पूर्वाधार विकास आयोजनाको रू. ३,१०,८१,९६५।०० गरिवसंग विशेश्वर कार्यक्रम रु. ४१५०००।०० समेत गरी रू. ३३,५१,४७,२४२।०० सुत्रमा समावेश गरेको छैन।

२.पालिकाको रु. ३ अर्व २५ करोड ५४ लाख १२ हजारको लेखापरीक्षण गरिएकोमा रू ६ करोड ८ लाख ९७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.११ लाख ८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु

असुल गर्नुपर्ने रू.१७ लाख ८१ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५३ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४२ लाख ५३ हजार र पेस्की बाँकी रु. ८४ लाख ३७ हजार रहेको छ। गत वर्षसम्म रु.४५ करोड ८६ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४९ करोड ५३ लाख ४१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकालेवित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो वर्ष पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका,पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४७	६९	६०८९७८९२	०	१	११०८४८१	०	४७	६८	५९७८९४११	१७८०९६८	३४२५२९१८	१५३१८५२५	०	०	४९५७१४४३	८४३७०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ	४५८६३०३९१	0	३१५९२८४१	427037550	8515000	५९७८९४११	495341961

बेरुजु सम्परीक्षणको विवरणः

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१३	शीर्षक फरकः	११०८४८१.०
२	२०७९/८०	४९	सम्बन्धित शाखाको सिफारिस वेगर	४७५०००.०
३	२०७९/८०	२८	सफ्टवेयरको लागत	२४४३९३३.०
४	२०७९/८०	४०	शिर्षक फरक	१३९८४३५.०
५	२०७९/८०	५८	विजुली महसुल जरिवाना	१६७२१.०
६	२०७९/८०	३६	लाभग्राही समुह मार्फत सामाग्री खरिद	३७८५००५.०
७	२०७९/८०	३७	लाभग्राही समुह मार्फत निर्माण सामाग्री खरिद	३००८३३६.०

८	२०७९/८०	६०	प्रमाण र पुष्ट्याइ	११०७५०००
९	२०७९/८०	३१	नियमित गर्नुपर्ने	७२८७९६८.०
१०	२०७९/८०	४७	जिल्ला दररेट भन्दा बढी भुक्तानी	३४८६००.०
११	२०७९/८०	२९	औषधी खरिद	१५७६८४३.०
१२	२०७९/८०	२४	बैठक भत्ताः	१७७०००.०
जम्मा				३१५९२८४१

(८०४३८४०३३०० - व्यास नगरपालिका, तनहुँ)

परिचय

१ **परिचय**

(क) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कुशमा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत १४ वडा,७५ सभा सदस्य तथा ७८ हजार ९ सय ३९ जनसंख्यारहेका छन्।यसको क्षेत्रफल २४८ वर्ग किलोमिटर रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१८ देखि २०८१।०८।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २४२५३५ ।००असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सामाजिक सुरक्षा भत्ता वितरण पश्चात २ वटा वैंकमा मौज्दात रहेको रु. २४२५३५।०० असुल गरि संचित कोषमा दाखिला गरीएको	२४२५३५।००

पालिकाको एकीकृत आर्थिक विवरण निम्नानुसार छः आर्थिक वर्ष २०८०।८१

आयतर्फ			व्ययतर्फ		
विवरण	रकम	जम्मा रकम	विवरण	रकम	जम्मा रकम
गतवर्षको जिम्मेवारी		**१६३०३२९३५.९३**	**चालुखर्चः**		८११२४७२५३.१२
क)नगद	०.००		व्यासनगरपालिका	२८०५४४१३१.८९	
ख)बैंक			संघियसरकारबाट हस्तान्तरित	५३०७०३१२१.२३	
१. संचित कोष खाता	**८३६२८८४८.४३**		**पूँजीगतखर्चः**		३८७२५५८२३.१७
२.आकस्मिक कोष	६४३५५२.९७		व्यासनगरपालिका	२८४७१८८३०.५५	
३. धरौटी खाता	१७९२४७४७.९३		सडक वोर्ड	०.००	
४. प्रकोप व्यवस्थापन कोष	२५०८६३४.७९		प्रदेशसरकार हस्तान्तरित	८०७०७३१.५०	
५. विविध खर्च खाता	१२५५६४१७.००		संघियसरकारबाट हस्तान्तरित	९४४६६२६१.१२	
६. विविध कोष खाता	४५७७०७३४.८१		**विषयगत(भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः**		३४९०७३९३४.००
राजस्व (आन्तरिक आय)		**३८०५६३३९५.९२**	सामाजिकसुरक्षा	३०३६५०२७७.००	
क)आन्तरिक राजस्व	१३३४६४६३६.४२		गरिवसँगविश्वेश्वर	४१५०००.००	
ख)संघिय राजस्व बाँडफाँड	१३४०५३२४३.९२		स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	६८६००००.००	
ग)प्रदेश राजश्व वाँडफाँड	२२७२५३०६.००		पर्यटनपुर्वाधार विकास आयोजना	३१०८१९६५.००	
घ)मालपोत रजिष्ट्रेशन शुल्क	४२५५०९००.५८		राष्ट्रपतिमहिला सशक्तिकरण परियोजना	१०७३६३०.००	
ङ)दहत्तर बहत्तर वाँडफाँडबाट प्राप्त	४७७६९३०९.००		मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यक्रम	५९९३०६२.००	
संघियवित्तीय हस्तान्तरण		**७९२४७६३८२.४८**			
क)वित्तीय समानीकरण अनुदान	१६७३०७०००.१३		**विभाज्यकोषतर्फको खर्च**		२२७८६१३२.६६
ख)सशर्त अनुदान	६०२२४६२८७.३५		प्रदेशलाईबाँडफाँको राजश्व भुक्तानी	१६६५५५१७.५५	
ग)समपूरक	१३५००००००.००		करकट्टीदाखिला	६१३०६१५.११	

अनुदान					
घ)विशेष अनुदान	९४२३०९५.००				
प्रदेशसरकारबाट प्राप्त अनुदान		**२७४९५२२३.००**	**वित्तीयव्यवस्था भुक्तानी**		०.००
क)वित्तीय समानीकरण अनुदान	१९५५१०००.००				
	०.००		ख)ब्याज भुक्तानी		
ग)समपूरक अनुदान	४१०३०००.००		ग)अन्य भुक्तानी		
घ)विशेष अनुदान	३८४१२२३.००				
अन्तरस्थानीय तहबाट प्राप्त		०.००	**लगानी**		०.००
वित्तीयव्यवस्था प्राप्ति		०.००	ऋणलगानी		
क)ऋण प्राप्ति			शेयरलगानी		
ख)साँवा प्राप्ति			अन्यलगानी		
ग)ब्याज प्राप्ति			**धरौटीफिर्ता**	७८३९१३०.००	७८३९१३०.००
विभिन्नकोष तर्फको आय		**६२७८१५५४.६५**			
विभाज्यकोष खाता			**विभिन्नकोषतर्फको खर्च**		
बिबिधकोष खाता:			**बिबिधकोष खाता**		२३४४७२६५.७६
कर्मचारीकल्याण कोष	६६५१३९३.००		कर्मचारीकल्याण कोष	४७१५०३२.४६	
लैंगिकहिंशा	०.००		लैंगिकहिंशा	०.००	
पी.सि.आर.ल्याव	०.००		पी.सि.आर.ल्याव	१७८७८९०.००	
साझेदारीविकास कोष	८४४४०६०.३७		साझेदारी विकास कोष	११३५१७७९.३०	
मर्मतसंभार कोष	६१५७५१५.००		मर्मतसंभार कोष	४३९२५६४.००	
वेदव्यास शिवपान्चायन १०८ फिट	०.००		वेदव्यास शिवपान्चायन १०८ फिट	१२०००००.००	
वैदेशिकरोजगार कार्यक्रम	०.००		बैदेसिकरोजगार कार्यक्रम	०.००	
प्रकोपव्यवस्थापन तथा अन्य कोष	०.००		**प्रकोपव्यवस्थापन कोष**	०.००	०.००
आकस्मिककोष खाता	१२०३९६५६.००		**विविधखर्च खाता**	१३१८३९६८.००	१३१८३९६८.००
विविधखर्च खाता	२९४८८९३०.२८		**विपदकोष**	११७८३०१९.००	११७८३०१९.००
विषयगत (भुक्तानी		३४९०७३९३४.००			

आदेश वनाइ खर्च गर्ने) तर्फः					
सामाजिकसुरक्षा	३०३६५०२७७.००		**मौज्दात**		१६५२५२७२६.९२
गरिवसँगविश्वेश्वर	४१५०००.००		क)नगद मौज्दात	०.००	
स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	६८६००००.००		ख)चालु खर्च खाता	६५८४९१२.९२	
पर्यटनपुर्वाधार विका आयोजना	३१०८१९६५.००		ग)पुजीगत खर्च खाता	२९७१९०९७.५४	
राष्ट्रपतिमहिला सशक्तिकरण परियोजना	१०७३६३०.००		घ)बैंक मौज्दात	४४९६७३११.३८	
मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यक्रम	५९९३०६२.००		ङ)आकस्मिक कोष खाता	८३१९९.९७	
लागतसहभागिता	४९९३९७६.००	४९९३९७६.००	च)बैंक मौज्दात (धरौटी कोष)	२१५३७४६८.५८	
धरौंटीआय	११४५१८५०.६५	११४५१८५०.६५	छ)बैंक मौज्दात (प्रकोप कोष)	२५०८६३४.७९	
लगानीकोसाँवा फिर्ता		०.००	ज)विविध खर्च	१७७०७०३४.२८	
अन्यविविध आय		०.००	झ)विविध कोष खाता	४२१४५०६७.४६	
		१७९१८६९२५२.६३			**१७९१८६९२५२.६३**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **व्यवसाय करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । यस नगरपालिकाको वडा नं १, २,३ र ४ पूर्ण वजारीकृत रहेको व्यवसाय करमार्फत यसवर्ष रु.१ करोड ५० लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा यस शीर्षकमा रु. ५७ लाख ६९ लाख असुली भएको छ ।असुली नहुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

३ **नक्सापासः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ११ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ०९ वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । यो वर्ष नक्सापासमा १ करोड ५६ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. ९२ लाख २८ हजार असुली भई ५९.१५ प्रतिशत प्रगति भएको छ । हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन ।करको दायरमा नआएका घरधनिहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनिहरुलाई घर नम्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

४ **घरवहाल करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ५ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची ३ वमोजिम संस्थाको हकमा १० प्रतिशत र व्यक्तिको हकमा ५ प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु २ करोड १० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. १ करोड २३ लाख ३३ हजार असुली भएको छ । लक्ष्यको तुलनामा ५९.६८ असुल भई घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

५ **विज्ञमपन करः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ८ वमोजिम अनुसूची ५ वमोजिम नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कर लगाईने छ । पालिकाले आर्थिक ऐनमा उल्लेख गरेतापनि यस वर्ष यो शीर्षकमा कुनै राजस्व असुल गरेको छैन । यस पालिका तनहुंको सदरमुकाम पनि भएको र मुख्य वजार एरियामा हुने विज्ञापनमा तोकिएको दरमा यस्तो कर असुल गरी दाखिला हुनुपर्दछ ।

६ **सम्पत्ति करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यसवर्ष पालिकाभित्र सम्पति कर तिर्ने करदाता के कति रहेको छन् विवरण प्राप्त हुन सकेन। पालिकाले रु १ करोड १० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु १ करोड १४ लाख ६१ हजार असुली भई लक्ष्य अनुसारको असुली भएतापनि सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

७ **करको दायराः**

नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा(१ देखि १५)सम्ममा उल्लेख भएवमोजिम नगरपालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस नगरको क्षेत्रभित्र आर्थिक वर्ष २०८०।८१ सम्म विभिन्न शीर्षकमा निम्नानुसार करदाता करको दायरामा आएको देखिन्छ । हालसम्म कूल दर्ता ४९१८८ मध्ये व्यवसाय कर २५२०,यस वर्ष दर्ता भएको करदाताः ३४७१,सम्पत्ति कर तिर्ने करदाता ८४३५,भूमिकर तिर्ने करदाताः १४८०४, करतिर्न वाँकी करदाताः ३०८२३ रहेको पाईयो ।

यस वर्ष व्यवसाय कर अन्तर्गत २५२० करदाता(व्यवसाय सम्पत्ति र मालपोत वहाल कर समेत) घर भने हालसम्म ४९१८८ करदाताहरु दर्ता भएकोमा ३०८२३ करदाताले करदाखिला गर्न वांकीनै रहेको देखिन्छ । जसवमोजिम ६२ प्रतिशत करदाताले करदाखिला नगरेको IPT system वाट देखिन्छ । त्यस्तै कूल दर्ता मध्ये कर नतिर्ने ती करदाताको कुल राजस्व वक्यौता रकम कति हो सिस्टमवाट रियल टाईम वक्यौता रकम देखिदैन । यसमा पालिकासंगको छलफलमा सिस्टमले कुनै एक करदाताको दोहोरो तेहरो पटक काउण्ट गर्ने भएकोले यस्तो समस्या देखिएको उल्लेख गरेको छ । गलत गणना गर्ने सिस्टम सुधार गर्ने र करदाताको कर वक्यौता प्रणालीलाई रियलटाईम देखिने गरी (Arrear Management system) विकास पालिकाको ध्यान जानुपर्दछ ।

८ **पर्यटन शुल्क आम्दानीः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन २०८० को दफा १४ वमोजिम आफुले निर्माण गरेका वा हस्तान्नतरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुची ११ वमोजिम तोकिएको दरमा पर्यटन शुल्क असुल उपर गरिनेछ भनि उल्लेख छ । यस पालिकाले मानँहुकोट, व्यास गुफा, छाव्दीवराही मन्दिर, अकला मन्दिर जस्ता पर्यटकीय स्थल रहेको ।

यस क्षेत्र भई पोखरा पर्यटक जाने हुंदा स्थलहरुमा घुम्न आउने पर्यटकहरुवाट प्रवेशशुल्क वापत तोकिएवमोजिम शुल्क असुल गर्न सकेमा करोडौ राजस्व आम्दानी हुने देखिन्छ । यस वर्ष नगरपालिकाले ऐनमा उल्लेख भएकोभएतापनि कुनै आम्दानी प्राप्त गरेको देखिदैन । यसक्षेत्रको राजस्वलाई करको दायरामा ल्याई राजस्व परिचालन गर्नुपर्दछ ।

९ .

राजस्व लक्ष्य तथा असुलीः पालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बढ वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ । (रु हजारमा)

आर्थिक वर्ष २०७८।०७९		आर्थिक वर्ष २०७९।०८०		आर्थिक वर्ष २०८०।०८१	
लक्ष्य	असुली	लक्ष्य	असुली	लक्ष्य	असुली
२०५०००	१९४९८३	२२६०००	१३०८०८	१९६३००	१५५७४३

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ९५.११ प्रतिशत, २०७९।८० मा 57.88 प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा ७९.३४ प्रतिशत असुली भएको अवस्था छ । यो वर्षको राजस्व असुलीमा 79.34 प्रतिशत मात्र प्रगति देखिंदा कार्यसम्पादन स्तर घटेको छ । वार्षिक वजेट तथा नीतितथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

१० **कूल खर्चमा आन्तरिक आयः**

यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

क्र.स.	आर्थिक वर्ष	आन्तरिक आय रु	पालिकाको जम्मा खर्च रु	आयको तुलनामा खर्चको प्रतिशत
१	२०८०।८१	१५५७४३	१७९१८६९	८.६९

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. १ अर्व ७९ करोड १८ लाख ६९ रहेको छ भने राजश्व संकलन १५ करोड ५७ लाख ४३ हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको ८.६९ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

११ **वक्यौता व्यस्थापन प्रणालीः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

सोधभर्ना नलिएको

१२ **शीर्षकगत लक्ष्य असुलीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७९.३४ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । साथै सम्पत्ति करमा असुली १०४, भूमिकर वहालकरमा लक्ष्यको तुलनामा ८९ प्रतिशत, व्यवसाय करमा ३८ र दहत्तर वहत्तर करमा ९९ प्रतिशत मात्र असुली हुनुले समग्र राजस्व असुलिमा प्रभाव परेको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७९.३४ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । साथै सम्पत्ति करमा असुली १०४, भूमिकर वहालकरमा लक्ष्यको तुलनामा ८९ प्रतिशत, व्यवसाय करमा ३८ र दहत्तर वहत्तर करमा ९९ प्रतिशत मात्र असुली हुनुले समग्र राजस्व असुलिमा प्रभाव परेको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पत्ति कर	11000	11461	104.2
भूमिकर मालपोत	7000	6291	89.87
वहालकर	21000	12533	59.68
सिफारिस दस्तुर	15000	13510	90.07
व्यवसायकर	15000	5769	38.46
दहत्तर वहत्तर	52882	52422	99.13
नक्सापास दस्तुर	15600	9228	59.15
अन्य	58818	44527	75.7
पालिकको आन्तरिक राजस्व	196300	155743	79.34

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७९.३४ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । साथै सम्पत्ति करमा असुली १०४, भूमिकर वहालकरमा लक्ष्यको तुलनामा ८९ प्रतिशत, व्यवसाय करमा ३८ र दहत्तर वहत्तर करमा ९९ प्रतिशत मात्र असुली हुनुले समग्र राजस्व असुलिमा प्रभाव परेको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

१३ **शीर्षक फरकः**

-

(✂ ..... कार्यलयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१,१०८,४८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१४ **आय ठेक्काः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार, ढुंगा, गिट्टी, बालुवा, उत्खनन, संकलन र व्यवस्थित गर्ने कार्यविधि,२०७५ मा सम्बन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९ मा २ वर्षको लागि एस. डि. ईन्जिनियरिङ संग सम्झौता गरी आई .ई .ई गरेको छ । जसअनुसार पालिकाको कार्यक्षेत्रका २ वटा खोलाको गिट्टी, ढुंगा, बालुवा संकलन एवं विक्री वितरण गर्न आई.ई .ले सिफारिस गरेको विवरण निम्नानुसार उल्लेख गरिएको छ । आई ई ले सिफारिस गरेको परिमाण भन्दा घटी परिमाणमा ठेक्का लगाएको छ ।

विवरण निम्नानुसार छः

क्रस	बगरको नाम	ठेक्का सकार कम्पनी	उत्खनन हुने अधिकतम परिमाण ब . मि .	ठेक्का परिमाण	फरक	दर	घटी(२० प्रतिशत परिमाण घटाउंदा)
१	व्यास नगरपालिका भएर वग्ने मादि नदिको कलेस्ती सिसाघाट खण्ड (क) ख	सि. वि कन्स्ट्रक्सन	५७०९९६७	३७७०३८९	१९३९५७८	९	१३९६४९६१
२	व्यास न . पा भएर वग्ने नदी सेतीको निउरोघारी	सि. वि कन्स्ट्रक्सन	१४७४६७१.२४	१०४१५६०.७	१५२९२३	९	११०१०४५
जम्मा							१५०६६६०६

उपरोक्तानुसार आई.ई.ले सिफारिस गरेभन्दा घटी दरमा ठेक्का लगाउनुको कारणमा २०८०।०४।११ पहिलोचोटि प्रकाशन गरेकोमा ठेक्का २०८०।०५।१३ गते प्रकाशित गरेको ठेक्का नलागी पुन तेश्रो पटक २०८०।०६।१८ मा आय ठेक्का सम्झौता भएको देखिन्छ । प्रदेश आर्थिक ऐनमा उल्लेख भएवमोजिम दोश्रो पटकमा पनि ठेक्का नलागेमा तोकिएको परिमाणमा २० प्रतिशतसम्म घटी गरी ठेक्का लगाउन सक्नेमा पालिकाले २० प्रतिशत घटाई ठेक्का लगाएको छ । आई.ई.ई परिमाणमा २० प्रतिशत घटाई ठेक्का लागेकोमा पुन सो परिमाणमा पनि घटाई ठेक्का लगाउनुको स्पष्ट आधार कारण देखिएन । घटी परिमाणमा ठेक्का लगाउन राजस्व परामर्श समितिको सिफारिस वेगर कार्यपालिकाले २०८०।०४।०७ मा निर्णय गरी ठेक्का सम्झौता गर्ने निर्णय गरेको छ । राजस्व वढाउने, घटाउने छुट दिने,परिमाण घटाउने अधिकार नगरसभाले पारित गरेको आर्थिक ऐनमानै उल्लेख गरी मात्र गर्न सकिने अवस्था हो । राजस्व परामर्श समितिले स्पष्ट आधार कारण सहित (Technical recommand) सिफारिस गर्ने मात्र अधिकार भएको परिमाण घटाउन वढाउने राजस्व घटी वढी हुने गरि निर्णय गर्ने अधिकार छैन । तसर्थः ठेक्का व्यवस्थापनमा राजस्व नोक्सानी हुने गरी ठेक्का गर्दा नियमसम्मत मान्न नसकिएको रु

अनियमित भएको	१,५०,६६,६०६

१५ **वहाल विटौरी करः**

नगरपालिकाले आफ्नो भवनको बिभिन्न सटर तथा स्पेस बिभिन्न व्यक्ति तथा संस्थाहरुलाइ सम्झौता गरेर भाडामा लगाउने गरेको छ । नयाँभवनमा १४ वटा सटर, पुरानो मासुपसल सहित तर्फ १८ वटा सटरका भाडा लगाएकोमा ७ वटा आंशिक रुपमा वन्द भएको कार्यालयले जनाएको छ । १७ व्यसायीले रकम दाखिला गरेकोमा ७ व्यवसायीले भाडा दाखिला गरेका छैनन । निम्नानुसारका ७ जना भाडा धनिहरुले देहाय अनुसार सम्झौता बमोजिम बुझाउनु पर्ने घरभाडा रकम घटी बुझाएको देखिएकोले सम्झौताको शर्त अनुसार देहायको बाकी रकम असुल गर्नुपर्ने रु.......

क्रस	व्यक्तिको विवरण	वार्षिक रकम	दाखिला वांकी
१	जुन नारायण श्रेष्ठ	३२७६००	२१८४००.00
२	पवित्रा मिया	१०८०००	१५७६००.00
३	रामकृष्ण पौडेल	३४०२००	५६७००.00
४	प्रतिक्षा गोदार आले	५४१८००	१८०६००.00
५	सुकराम विश्वकर्मा	५७८३४०	३३७३६.00
६	विल बहादुर दमै	३३८८७३	१०९६२४.00
७	सिर्जना आले	२७८४६०	१०००००.00
जम्मा		२५०३२७३	११६०२८९.00

असुल गर्नुपर्ने	११,६०,२८९

१६ **मनोरञ्जन करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ९ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ६ वमोजिम लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र एपेक्स मल्टिप्लेक्स हल रहेको देखिएको छ । मल्टिप्लेक्स सञ्चालन भएको ३ वर्ष व्यतित भएको तर यस वर्ष मनोसञ्जन कर दाखिला गरेको देखिएन । निज करदातालाई राजस्वको दायरामा ल्याई राजस्व असुली गर्नुपर्दछ ।

सोधभर्ना नलिएको

१७ **डि.पि.आर तयारी तथा कार्यान्वयन**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

	योजनाको नाम	लागत स्विकृत रकम	दर्ता फर्म संख्या	सम्झौता रकम	भुक्तानी रकम	विधि
१	मोदीखोला मोटरेवल पुल र घांसीकुवा सितल वजार विच वाट कैलाश्वरेश्वर मार्ष जोड्ने बुल्दीखोलामा पुल निर्माण (डि पि आर र माटो परीक्षण)	१२०००००	९	११८८७६०	२०८१।८२ मा भुक्तानीf]	आर्थिक तथा प्राविधिक प्रश्ताव माग गरि
२	नगर यातायात गुरुयोजना निर्माण	१५०००००	६	१४९४५८५	१४९४५८५	आर्थिक तथा प्राविधिक प्रश्ताव माग गरि
३	उलय मा वि वाख्रेखोला झो पु को लागी परामर्श सेवा (डि पि आर र मुल्याङ्कन समेत)	७०००००	४	६२२१८२		आर्थिक तथा प्राविधिक प्रश्ताव माग गरि
			जम्मा	३३०५५२७		

उपरोक्त विवरण अनुसार पालिकाले डि पि आर तयारीमा सेवा कार्यमा खुला प्रतिस्प्रर्धावाट सेवा खरिदका लागि जम्मा रु.३५ लाख हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ३३ लाख ०५ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ५.५६ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराई सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१८ **कन्टिनजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १५ लाख २० हजार कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाईका आधारमा मात्रै खर्च लेखेकोले खर्चको उद्देश्य र यथार्थतामा यकिन भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

कन्टिन्जेन्सी रकमको विवरण	खर्च रकम	कैफियत
दैनिक भ्रमण	२,६८,७५०	
वैठक	८,०९,२००	मुल्याङ्कन समितिको वैठक समेत
सुचना प्रकाशन	१,७३,७६३	
मसलन्द	२,४९,९३७	
मर्मत	१९,३०५	
जम्मा	१५,२०,९५५	

१९ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ७२ सामुदायिक विद्यालयसमेतको प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

क्र. सं	विधालयको नाम	शिक्षक संख्या	विधार्थि संख्या	शिक्षक विधार्थि अनुपात
१	जनसेविका प्राथमिक विधालय	२	१९	१:१०
२	जलदेवी माध्यमिक विधालय	२०	२४४	१: १३
३	थानी बालबिकास केन्द्र	१	२१	१:२१
४	देउराली बालबिकास केन्द्र	१	८	१:८
५	निर्मल माध्यमिक विधालय	२६	६६५	१:२६
६	बुद्धदाहाल प्राथमिक विधालय	५	२५	१:५
७	सेतो गुराँस बालविकास केन्द्र	१	१८	१:१८
८	जनसेवा प्राथमिक विधालय	५	६५	१:१३
९	बाल मन्दिर माध्यमिक विधालय	१८	६३१	१:३६
१०	सत्यवती माध्यमिक विधालय	४५	२५२७	१:५७
११	सेतो गुराँस बालबाटिका	१	२१	१:२१
१२	महर्षि वेदव्यास संस्कृत माध्यमिक विधालय	१५	१३३	१:९
१३	शिव पाञ्चायन माध्यमिक विधालय	११	२६०	१:२४
१४	मदर्सा आधारभूत विधालय	६	६३	१:११
१५	वेदव्यास प्राथमिक विधालय	५	५९	१:१२
१६	उदय माध्यमिक विधालय	१६	२५३	१:१६
१७	जनजुक्त शाही माध्यमिक विधालय	१६	३२८	१:२१
१८	पध्म प्राथमिक विधालय	१	१०	१:१०
१९	पराशर माध्यमिक विधालय	१४	२३०	१:१७
२०	मानुङ प्राथमिक विधालय	२	१८	१:९
२१	शुक्र आधारभूत विधालय	६	४५	१:८
२२	संगम प्राथमिक विधालय	४	२४	१:६
२३	सिन्धु प्राथमिक विधालय	६	४६	१:८
२४	अमर प्राथमिक विधावय	४	५८	१:१५
२५	अमृत आधारभूत विधालय	४	२५	१:७
२६	आदर्श बालविकास केन्द्र	१	१५	१:१५
२७	इन्दु माध्यमिक विधालय	९	१५९	१:१८
२८	जनज्योति प्राथमिक विधालय	१	९	१:९
२९	देउराली प्राथमिक विधालय	२	१५	१:८
३०	महेन्द्र ज्योति माध्यमिक विधालय	२२	३७३	१:१७

३१	माहेन्द्री आधारभूत विधालय	६	४२	१:७
३२	रत्नज्योति आधारभूत विधालय	५	१९	१:४
३३	शंकर प्राथमिक विधालय	३	२६	१:९
३४	क्यामिन माध्यमिक विधलय	१९	२९५	१:१६
३५	क्यामिनकोट माध्यमिक विधालय	११	३२	१:३
३६	पञ्चज्योति प्राथमिक विधालय	३	४६	१:१६
३७	बसन्तकाली प्राथमिक विधालय	२	२३	१:१२
३८	ब्यास नगर समता विधालय	३	५६	१:१९
३९	श्रीचौर अभिभावक बालबिकास केन्द्र	१	८	१:८
४०	कृष्णालय प्राथमिक विधालय	१	९	१:९
४१	नयाँज्योति प्राथमिक विधालय	४	२६	१:७
४२	शहिदधर्म आधारभूत विधालय	५	२३	१:५
४३	सहजीवन प्राथमिक विधालय	२	११	१:६
४४	सोमाजन प्राथमिक विधालय	५	२९	१:६
४५	बसाहस्थान माध्यमिक विधालय	१	११	१:११
४६	माहेन्द्री माध्यमिक विधालय	१६	४१३	१:२६
४७	लक्ष्मी आधारभूत विधालय	९	६६	१:८
४८	सरस्वती आधारभूत विधालय	५	४३	१:९
४९	चण्डिदेवी राष्टिय माध्यमिक विधालय	२०	३५७	१:१८
५०	जनता आधारभूत विधालय	६	६०	१:१०
५१	भानु माध्यमिक विधालय	१३	१२४	१:१०
५२	शिव माध्यमिक विधालय	१४	२०६	१:१५
५३	सर्वज्योति माध्यमिक विधालय	१३	१५४	१:१२
५४	अमरसिंह माध्यमिक विधालय	९	५०	१:६
५५	चण्डिका आधारभूत विधालय	७	८३	१:१२
५६	चण्डेश्वरी आधारभूत विधालय	८	४७	१:६
५७	जनकल्याण प्राथमिक विधालय	५	५२	१:१०
५८	तातोपानी प्राथमिक विधालय	२	१९	१:१०
५९	बसन्त आधारभूत विधालय	९	१०६	१:१२
६०	बाराही माध्यमिक विधालय	२०	२३५	१:१२
६१	सुर्योदय प्राथमिक विधालय	१	२५	१:२५

६२	अमरज्योति माध्यमिक विधालय	११	१७८	१:१७
६३	कर्लुङ प्राथमिक विधालय	४	३६	१:९
६४	छाब्दी बाराही आधारभूत विधालय	५	१६८	१:३४
६५	जनमिलन प्राथमिक विधालय	१	११	१:११
६६	वि.पी. प्राथमिक विधालय	२	२२	१:११
६७	मत्स्यकन्या आधारभूत विधालय	७	१४३	१:२१
६८	मनकामना प्राथमिक विधालय	१	१०	१:१०
६९	सिद्धेश्वरी माध्यमिक विधालय	१६	१९५	१:१३
७०	गुँदी फच्याङ आधारभूत विधालय	८	६४	१:८
७१	जनजागृति गंगा माध्यमिक विधालय	१४	१७६	१:१३
७२	बालकल्याण प्राथमिक विधालय	३	५४	१:१८
७३	बुद्ध प्राथमिक विधालय	१	६	१:६
७४	बेनीमित्र प्राथमिक विधालय	५	३३	१:७
७५	शितला प्राथमिक विधालय	१	५	१:५
७६	सिद्धबेनी आधारभूत विधालय	१०	१७०	१:१७
७७	अमरज्योति आधारभूत विधालय	५	६०	१:१२
७८	केशवटार प्राथमिक विधालय	१	५	१:५
७९	केशवटार माध्यमिक विधालय	१७	२४३	१:५

यस नगरपालिकामा रहेका विधालयहरु मध्ये उल्लेखित विधालयमा शिक्षक विधार्थि अनुपात १:३ देखि १:५७ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विधालयमा शिक्षक दरबन्दी न्यून अबस्थामा रहेको र कतिपयमा न्यून विधार्थि संख्या रहेका कारण प्रति विधार्थि लागत बढ्न गएको अवस्था देखिन्छ । अत: भौगोलिक दुरी टाढा भएमा बाल विकाश केन्द्र स्थापना गरी न्यून विधार्थी संख्या भएको विधालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठन पाठन ब्यवस्थित गर्नुपर्दछ ।

२० **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

२१ **नमूना विधालय :**

भौ.नं ४८६।२०८१-३-१८ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षक अन्तर्गत नमूना विधालयको शैक्षिक तथा ब्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारीत अनुदान देहायका नमूना विधालयलाई दिई विधालयको खातामा निकासा गरी रोक्का

राख्ने र कार्य प्रगतिको आधारमा फुकुवा गर्ने निर्णयानुसार विद्यालयको खातामा रकम पठाई रोक्का गर्नु नियमित नहुनुका साथै तोकिएको गुरुयोजना अनुसारको कार्य सम्पन्न गरी प्रमाण पेश गर्नुपर्ने रु

क्र.सं.	विधालयको नाम	निकासा रोक्का रकम
१	निर्मल माध्यमिक विधालय , व्यास - १	४५,००,०००
२	सत्यवती माध्यमिक विधालय, व्यास - २	२६,२९,९४४
	जम्मा	७१,२९,९४४।००

प्रमाण पेश नगरेको	७१,२९,९४४

२२ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ क्रियाकलाप नं २.७.१३.१३ को ९.३ मा भएको व्यवस्था अनुसार स्थानीय तहले शैक्षिक,व्यवस्थापकीय सुधार,शुसासनमा उत्कृष्ट कार्य गरेका विधालयलाई दुई लाख देखि तिन लाख अनुदान दिने र विधालयले सो अनुदान रकमको ब्यबस्थापन समितिका निर्णय अनुसार खर्च गरी सम्पादित कार्यको प्रगति प्रतिवेदन, समितिको निर्णय, बिल भरपाई लगायतका कागजातहरु सम्बन्धित स्थानिय तहलाई बुझाउनुपर्ने र पालिकाले अनुदानको उपयोगको अवस्थाको सम्बन्धमा अनुगमन गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले निम्न विधालयलाई शैक्षिक,व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरे वापत रु.२०००००।०० अनुदान दिएकोमा रु.५५०००।०० खर्च भएको र वाँकी १४५०००।०० को लेखापरीक्षण अवधि सम्म पनि सम्पादित कार्यको प्रगति प्रतिवेदन, बिधालय ब्यबस्थापन समितिको निर्णय, बिल भरपाई,अनुगमन प्रतिवेदन लगायतका कागजातहरु पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

बिधालयको नाम	कार्यक्रम	अनुदान रकम	खर्च भएको रकम	वाँकी रकम
श्री बालकल्याण आधारभूत विधालय , व्यास - १३	कार्यसम्पादनमा आधारित प्रोत्साहन	२०००००	५५०००	१४५०००
			जम्मा	१,४५,०००

प्रमाण पेश नगरेको	१,४५,०००

२३ **ग्रेड वढी निकासा :**

कार्यक्रम कार्यन्वयन पुस्तिकाको वुंदा नं २.१ अनुसार स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि एकिन विवरण अद्यावधिक गरि सोही अनुसार दरवन्दीका शिक्षक ,अनुदान कोटाका र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विद्यालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकामा सञ्चालनमा रहेका कुल ७२ वि्द्यालयमध्ये नमुना छनौटका आधारमा तलव भत्ता निकासाको परिक्षण गर्दा निम्न विद्यालयका शिक्षकको ग्रेड रकम वढी निकासा भएको पाइकोले पारित तलवि प्रतिवेदन भन्दा वढी निकासा भएको ग्रेड रकम सम्वन्धितवाट असुल गरि संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

विद्यालयको नाम	**शिक्षकको नाम**	**पारित ग्रेड**	**भुक्तानी ग्रेड**	**बढी भुक्तानी रकम**	**कैफियत**
सत्यबती माध्यमिक विधालय , ब्यास	रमा सापकोटा	६	७	१,१५८	१ग्रेड बढी भुक्तानी
सत्यबती माध्यमिक विधालय , ब्यास	ओम प्रसाद पौडेल	६	७	१,१५८	१ग्रेड बढी भुक्तानी
पराशर माध्यमिक विधालय , ब्यास	रामदत्त पौडेल	६	७	१,४५६	१ग्रेड बढी भुक्तानी
			जम्मा	३,७७२	

असुल गर्नुपर्ने	३,७७२

२४ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७२ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विधालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ति	पदपूर्ति मध्ये राहत / करार	रिक्त दरबन्दी	बिधार्थि संख्या
सामुदायिक	६०१	४९८	१०१	२	१२५८४

उक्त विवरण अनुसार पालिकामा जम्मा ६०१ दरबन्दी रहेकोमा ४९८ जना स्थायी पदपूर्ति र १०१ राहत / करारमा नियुक्त गरी जम्मा ५९९ पदपुर्ति गरेको देखिन्छ भने २ दरबन्दीको पद रिक्त रहेको छ । पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२५ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक , चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४१३४ जना रहेका छन। पालिकाले भौ. नं. ३४७।२०८१-२-९ बाट ११३६० थान स्यानिटरी प्याड रु. ९,९९, ६०१।६१ (मु अ कर समेत) मा खरिद गरेको छ।खरिद गरेको मध्ये ३४ वटा बिधालयमा ९७४३ थान वितरण गरीएको र बाँकी ७ वटा विधालयमा १६१७ थान वितरण गर्न बाँकी रहेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुका साथै खरीद गरीएका सामान बिधालयलाई समयमै हस्तान्तरण गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,४२,२९६

२६ **निजि विधालयहरुमा छात्रबृत्ति :**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त व्यवस्था बमोजिम यस आ. व. मा निजी विद्यालय मन्टेश्वरी सहितका ४५ अन्य ३८ वटा र ७ वटा पुर्व प्राथमिक सहित जम्मा ९० वटा रहेकामा उक्त विद्यालयहरुले भर्ना,मासिक तथा परिक्षा लगायतका शुल्कमा विद्यार्थीलाई छुट गराउने गरेको तर छात्रवृत्ति स्वरुप रकम तथा कोटा छुट्याउने गरेको देखिएन । त्यस्ता विद्यार्थीहरुको नाम, ठेगाना सम्बन्धित विद्यालयको वेभसाइटमा सार्वजनिकिरण गर्ने गरेको पाइएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२७ **वढी ग्रेड भुक्तानीः**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका ४ जना कर्मचारीहरुको मिति २०८१।२।२८ मा राष्टिय कितावखानावाट र सोहि आधारमा २०८१।३।५ मा को. ले. नि. का. ले पारित गरेको तलवि प्रतिवेदनको परित ग्रेड भन्दा वढी ग्रेड भुक्तानी गरेको देखिएकोले सम्वन्धित कर्मचारीहरुवाट तपशिल वमोजिमको रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

कर्मचारीको नाम	पद	पारीत ग्रेड	भुक्तानी ग्रेड	वढी भुक्तानी रकम	कैफियत
सुनिता श्रेष्ठ	अ. हे. व. सहायक पांचौ	८	९	१५,०५४	१३ महिनाको वढी भुक्तानी
सुकमाया गुरुङ	अ. हे. व. सहायक पांचौ	८	९	१५,०५४	१३ महिनाको वढी भुक्तानी
रोमिना थापा	अनमी सहायक चौथो	६	७	७,६७९	२०८०।११।१ वाट लागु हुनेमा श्रावणवाट भुक्तानी
जम्मा				३७,७८७	

असुल गर्नुपर्ने	३७,७८७

२८ **स्वास्थ्य तर्फका दरवन्दी वाहिरका कर्मचारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले 0&M नगरी मिति २०८०।३।१० मा स्वास्थ्य संस्थामा कायम ४७ दरवन्दीलाई यथावत स्विकृत गर्ने निर्णय गरेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी पालिकाकै निर्णय वमोजिम दरवन्दी स्विकृत गरि पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,३८,७६,४३४

२९ **कृषि तथा पशुमा अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि, २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै कृषि, पशुपंक्षी तथा जडिवुटी वीमा निर्देशिका, २०७९ वमोजिम अनुदान उपलब्ध गराउँदा अनिवार्य वीमा गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित कार्यक्रम देहाय अनुसार छन्

क्र स	**अनुदानको क्षेत्र पशु पंक्षी**	**कार्यक्रम संख्या**	**अनुदान रकम**
१	कृषि तर्फ	६	४१८७३३५।००
२	पशु पंक्षी प्रबर्धनमा ६०% अनुदान गोठ सुधार	१९	१४७०३१६।००
३	सहकारी मार्फत विक्री हुने दुधमा किसानलाई उपकरण आदि अनुदान र दुध उत्पादन प्रबर्धन कार्यक्रम	५	१४४४५११।५०
४	मासु प्रबर्धन कार्यक्रम	४	५७३६३१।००
५	हरियो घाँस विस्तार कार्यक्रम	१२	४०८०००।००
जम्मा			८०८३७९३।५

• अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्न अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरिनुपर्दछ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको

छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३० **सुरक्षित आप्रवासन कार्यक्रमः**

सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ अनुसार यस पालिकामा संचालन भएको सुरक्षित आप्रवासन कार्यक्रममा रहेको कुल वजेट रु. ६५,००,०००।०० मध्ये रु. ६३,७३,८५१।०० खर्च भएको छ। उक्त खर्च मध्ये कर्मचारीको तलवमा मात्र वार्षिक रु. ३५,९२,४९८।०० खर्च भएको देखिन्छ। वांकी रकमवाट विभिन्न अभिमुखीकरण कार्यक्रमहरु गरेको पाईयो। कुल खर्च मध्ये ५६.३६ प्रतिशत रकम पारीश्रमिकमा खर्च भएकोले पालिकाले यस कार्यक्रममा पारीश्रमिकमा भन्दा सचेतनामुलक कार्यक्रम तर्फ खर्च वढाउन कदम चाल्नुपर्छ ।

३१ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहको २०८०।८१ को आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछ्र्यौट गरेको छैन । अतः उक्त वेरुजु रकम प्रकृति अनुसार फछ्र्यौट गरि प्रमाण पेश गर्नुपर्ने रु

भौ नं र मिति	व्यहोरा	रकम
भौ नं १७५७	वडा नं १ निर्मल मा.वि.लाई राष्ट्रपती रनिङ्गसील खेलकुद प्रतियोगीतामा खर्च रकम रु,५,००,०००।० मध्ये रु,२८,३७२।० बराबरको विभिन्न खाध्ये तथा औषधी खरिद गरेको बिल सोनु गुप्ताको नामको पेश भएकोले उक्त बिल विद्यालयबाट खरिद नभईअर्कै व्यक्तिको बिल पेश भएकाले अनियमित देखिएको रु	२८३७२।००
भौचर नं २१	वडा न १२ बाटो सरसफाई समितिलाईरु,१,४३,६०३।० भुक्तानी भएकोमा सो रकमको सक्कल मू.अ.कर बिल संलग्न नभएकोले सक्कल विल पेश नभएको गर्नूपर्ने रु	१४३६०३।००
	सुधार गर्नुपर्ने विषयहरु भौचर नं ४३९ बाट सुरक्षित आप्रवासन कार्यक्रम अन्र्तगतको मनोसामाजिक परामर्श खर्च रकम रु,४,१२,४६१।० को प्रतिबेदन संलग्न छैन शाखाका कर्मचारीहरु उपस्थिती उठाई कार्यालय समयमा यातायत खर्च र खाजा खाजाको बिल संलग्न गरि रकम भुक्तानी भएकोले सुधार गर्नुपर्ने देखिन्छ । भौचर नं ३८१ बाट सुरक्षित आप्रवासन कार्यक्रम अन्र्तगतको विभिन्न शिर्षकमा भएको खर्च रकम रु,७,३८,५४०।० को प्रतिबेदन संलग्न छैन साथै शाखाका कर्मचारीहरुको उपस्थिती उठाई कार्यालय समयमा यतायत खर्च र खाजा खाजाको बिल संलग्न गरि रकम भुक्तानी भएको छ भने एकै दिन २ पटक बैठकको उपस्थिती उठाईएको छ बैठकका निर्णयहरु कुनै पनि गरिएको छैन बैठक बस्नुको एजेण्डानै नभै बैठकको उपस्थिती मात्र उठाई खर्च लेखीएकोले सुधार गर्नुपर्ने देखिन्छ ।	

प्रमाण पेश नगरेको	१,७१,९७५

३२ **राष्ट्रपति महिला उत्थान जीविकोपर्जन सुधार कार्यक्रमः**

राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपर्जन सुधार कार्यक्रम सम्वन्धि मापदण्ड २०७७ अनुसार मिति २०८०।१०।२८ मा सुचना प्रकाशित गरी मादीगंगा महिला बहुउछेश्यिय सहकारी संस्थाम मार्फत लक्षीत समुहका महिलाहरुलाई सीप तथा व्यवसायिक तालिम पश्चात उक्त समुहका तालिम प्राप्त गरेका २५ महिलाहरुलाई रु.

२६००० का दरले सम्झौता गरी व्यवसाय संचालन गर्न कुल रु. ६५००००।०० अनुदान उपलव्ध गराएकोमा उक्त अनुदान रकमवाट कुन व्यवसाय संचालन गरीयो सोको विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश नभएकोले सम्वन्धित प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	६,५०,०००

३३ **जिन्सी दाखिला :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७९ को नियम ८३ मा खरिद भएको सम्पत्ति जिन्सी आम्दानी जनाउनुपर्ने ब्यवस्था छ । कार्यालयले यस वर्ष सम्झौता भई परामर्शदातालाई अन्तिम बिल रकमको भुक्तानी दिएकोमा परामर्शदाताले अन्तिम प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदन PAMS मा दाखिला गरेको देखिएन । कार्यालयले परामर्शदाताबाट प्राप्त प्रतिवेदनको PAMS मा दाखिला गरी प्राप्त प्रतिवेदनको अभिलेख तथा कार्यान्वियनलाई ब्यवस्थित बनाउनुपर्दछ ।

३४ **कार्य स्वीकार प्रतिवेदन :**

सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ११७ मा सार्वजनिक निकायले प्रदान गरिएको सेवा स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले डि.पि.आर तयार गर्ने कार्यको लागि परामर्शदाता सँग सम्झौता गरी परामर्शदाताले पेश गरेको प्रतिवेदन र बिलको आधारमा अन्तिम बिलको रकम भुक्तानी गरेता पनि परामर्शदाताले प्रदान गरेको सेवा स्वीकार्दा खरिद नियमावलीमा भएको ब्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । कार्यालयले ऐन नियममा भएको ब्यवस्था बमोजिम परामर्शदाताले प्रदान गरेको सेवाको कार्य स्वीकार तयार गरेर मात्र अन्तिम बिलको रकम भुक्तानी गर्नुपर्दछ ।

३५ **सुरक्षित नागरिक आवास कार्यक्रम :**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ४ मा सम्वन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वियन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची - वमोजिमको अंक प्रदान गरी प्राथमिकताको आधारमा सूची तयार गर्ने उल्लेख छ । त्यस्तै अनुसूची १ मा जग्गाको स्वामित्व भएको, ढुङ्गाको, बाँस, चिरपट कप्टेरोको गाह्रो भएको, खपटा, टायल, स्याउला, प्लाष्टिकको छाना भएको र जग्गाको क्षेत्रफल ३० वर्गफिट भन्दा कम भएकोलाई प्राथमिकता दिने उल्लेख छ । तर पालिकाले यस बर्ष सुरक्षित नागरिक आवासको लागि विभिन्न मितिमा निर्णय गरी रकम उपलव्ध गराएको भएता पनि कार्यविधिले तोकेको मापदण्ड पुरा गरेको देखिने कागजात संलग्न गरेको छैन । शहरी विकास तथा भवन भवन निर्माण आयोजना (सुरक्षित नागरिक आवास कार्यक्रम) अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ अनुसार छनौट भएका प्रत्येक लाभग्राहीलाई रु.७५०००।- उपलव्ध गराउने र सो वापत पहिलो किस्तामा ६० प्रतिशत र बाँकी ४० प्रतिशत कार्य प्रगति र कार्य सम्पन्न आधारमा उपलव्ध गराउने व्यवस्था छ। पालिकाले ११३ लाभग्राहीलाई रु.५०,८५,०००।०० पहिलो किस्ताको रकम उपलव्ध गराएकोमा ३८ लाभग्राहीको कार्य प्रगति र कार्यसम्पन्न प्रतिवेदन पेश भएको र बाँकी ७५ लाभग्राहीको कार्य प्रगति र कार्य समपन्न प्रतिवेदन पेश नभएकोले अनुदानको सदुपयोग सम्बन्धमा यकिन हुन सकेन। पहिलो किस्ता भुक्तानी भएको रकमको कार्य प्रगति र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३३,७५,०००

३६ **कार्य सम्पन्न प्रतिवेदन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति ले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । पालिकाले उपभोक्ता समिति को निर्माण कार्यहरुमा कार्यसम्पन्न प्रतिवेदन बनाउदा जनश्रमदानको अंश राखेको पाईएन । पालिकाले कार्यसम्पन्न प्रतिवेदन बनाउदा जनश्रमदानको अंश पनि राख्नुपर्ने देखिन्छ ।

३७ **मानुङ्कोट लिफटिङ खानेपानी योजना :**

ठेक्का नं. – १८।०७९- ०८० मानुङकोट लिफटिङ खानेपानी योजना निर्माण कार्यका लागी निर्माण व्यवसायी श्री लाहुरे काइला विल्डर्स (कन्स्ट्रक्सन) सँग रु.१,४८,२४,१९३।९८ को लागतमा मिति ०८०।३।१५ मा सम्झौता भई मिति ०८१।३।१५ सम्म सम्पन्न गर्ने उल्लेख छ ।भौ.नं.६३।०८१-१-७ बाट प्रथम आई.पि.सि. सम्म निर्माण कार्य वापत रु.५१,५३,७२४।०० भुक्तानी भएकोमा ०८१ आषाढ मसान्त सम्म खानेपानी आयोजना अधुरै रहेको पाइयो । उच्च अदालत पोखरामा उत्प्रेषण मिश्रित परमादेश मुद्धा परेको कारण निर्माण कार्य सम्पन्न नभै अधुरो रहेको देखिन्छ ।समयमा नै कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

३८ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट खाना खाजा समेतमा रु. २४ लाख ६९ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खर्च लेखेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

विविध खर्चको विवरण	**खर्च रकम**
अतिथि सत्कार	१४,८१,६०२।००
मसलन्द	४,९३,०००।००
विविध कार्यक्रम खर्च	४,९४,७३६।००
जम्मा	२४,६९,३३८।००

३९ **शैक्षिक बेरोजगार महिला उद्यमशिलता कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । त्यस्तै खर्च गर्दा स्पष्ट कार्यविधि तयार गरेर सो बमोजिम प्रकृया अपनाई खर्च गर्नुपर्दछ ।पालिकाले उल्लेखित कार्यक्रममा रु ८०८१२०।00 खर्च गरी १५ लाभग्राही फर्मलाई भुक्तानी गरेको छ । पालिकाले उक्त कर्यक्रमको कार्यविधि तयार नगरी खर्च गरेको छ ।उक्त कार्यक्रमा बेरोजगार महिलाहरुलाई अनुदान तथा सहयोग प्रदान गर्ने रहेकोमा कागजात परीक्षण गर्दा छनौट भएका महिला उद्यमीहरु रहेको र निजको नाममा पहिले देखिनै सञ्चालनमा आएको फर्मको फर्मदर्ता प्रमाण पत्र संलग्न रहेको पाइयो । पालिकाले स्पष्ट कार्यविधि तयार नगरी खर्च गर्दा छनौटको आधार स्पष्ट नभएको, सुचना प्रकाशन गरी आवेदन माग नगरेको तथा फर्म तथा पसल दर्ता गरी सञ्चालनमा आएकालाई अनुदान उपलब्ध गराउन मिल्ने आधार नरहेकोले यसरी स्पष्ट आधार बेगर कार्यविधि तयार नगरी गरिएको यस किसिमको खर्च अनियमित रहेको रु....

अनियमित भएको	८,०८,१२०

४० **नगर विकास कोषको ऋण:**

पालिकाले नगर बिकास कोष सँग मिति २०७३।१।२६ मा सम्झौता गरी बहुउद्देश्यीय भवन निर्माणको लागि कोषबाट दुई पटकमा रु.१० करोड १३ लाख ७४ हजार सरल ऋण १८ बर्षमा ३६ किस्तामा भुक्तानी गर्ने गरी लिएको छ। उपरोप्त ऋण मध्ये रु.४ करोड ३३ लाख २३ हजारको वार्षिक ब्याजदर ८ प्रतिशत र रु.५ करोड ८० लाख ५१ हजारको वार्षिक ब्याज दर ५.५ प्रतिशत रहेको छ। पालिकाले २०८० असार मसान्त सम्म १८ किस्तामा साँवा रु. ५ करोड १७ लाख ६३ हजार र ब्याज रु.२ करोड ९० लाख ८४ हजार गरी कुल रु.८ करोड ०८ लाख ४७ हजार भुक्तानी गरेको छ भने रु. ४ करोड ९६ लाख १० हजार ६ सय १८ रुपैया सावाँ बाँकी रहेको छ। पालिकाले बर्ष निम्नानुसार सावाँ र ब्याज गरी रु. ८७,५७,४४६।४२ भुक्तानी गरेको छ भने निर्मित भवनको आंशिक भाग व्यापारीक प्रयोजनको लागि भाडामा लगाई रु.९२ लाख १४ हजार ३ सय २४ आम्दानी गरेको छ। पालिकाले ऋणको सावाँ ब्याज भुक्तानीको अभिलेख राखेको छैन र नगर विकास कोषले पठाएको पत्रलाई आधार मानी सावाँ तथा व्याज भुक्तानी गरीरहेको छ। ऋण लिँदा लागत लाभको यथोचित विश्लेषण गर्नुपर्दछ। साथै सावाँ तथा ब्याज भुक्तानीको अभिलेखलाई ब्यवस्थित बनाउनु पर्दछ।

नगर विकास कोष ऋण भुक्तानी विवरण आ.व. २०८०/८१			
मिति	सावा	व्याज	जम्मा
२०८०/०९/१७	२७००१२८.५७	१७१७१७७.८३	४४१७३०६.४०
२०८१/०२/२९	२६९४७९३.६३	१६४५३४६.३९	४३४०१४०.०२
जम्मा	५३९४९२२.२०	३३६२५२४.२२	८७५७४४६.४२

४१ **मादल बजाउने तालिम :**

वडा महिला समन्वय समितिलाई भौचर नं १२४५ मिति २०८१।१।९ बाट रु २०००००।०० खर्च लेखी २०८० फागुन १४ गतेबाट १५ दिन मादल बजाउने तालिम सञ्चालन गरी रु २०००००।०० भुक्तानी गरेको छ । उक्त तालिम सञ्चालन गर्नेगरी कार्यक्रम नरहेकोमा वडा १ मा सो तालिम कार्यपालिकाबाट पटके निर्णय गराई सञ्चालन गरेको छ । ३४ जना सहभागी रहेको सो तालिममा स्टेश्नरी वापत प्रति १०० दरले ३४ सहभागीलाई रु ३४०० खर्च गर्न मिल्नेमा रु ५१०० खर्च गरेकोले बढी खर्च लेखेको रु १७०० असुल हुनपर्दछ । तालिम सञ्चालन गर्ने कार्यविधि तथा तालिममा सहभागी छनौटको स्पष्ट आधार तयार गरेको पाइएन ।तालिम पश्चात सहभागीले हासिल गर्ने उपलब्धी तथा लाभको विश्लेषण गरेको पाइँदैन ।अत: पालिकाले यस किसिमको अनुत्पादक कार्यक्रम सञ्चालन गरी खर्च लेख्नु औचित्यपूर्ण नरहेकोले सो कार्य नियमित गर्नुपर्ने रु.......

अनियमित भएको	२,००,०००

४२ **खेलकुद सहयोग**

पालिकाले यस वर्ष विभिन्न खेलकुद शीर्षकबाट पालिका तथा प्रत्येक वडामा एक लाख देखि दुई लाख सम्म बजेट छुट्याई कुल रु १७२६५६२ खर्च गरेको छ ।वडाबाट विभिन्न युवा क्लब तथा विद्यालय तथा अन्य विभिन्न प्रतियोगितमा सहयोग उपलब्ध गराई विभिन्न निकायलाई सामाग्री खरिद तथा विलको सोधभर्ना रकम भुक्तानी गरेको छ ।पालिकाले प्रत्येक वर्ष वडागत बजेट विनियोजन गरी खर्च गरिरहेकोमा कुन कुन क्लब तथा निकायलाई हालसम्म के कति सहयोग रकम उपलब्ध गराएको छ सो को उपलब्धी मापन गरेको देखिएन ।पालिकाले प्रत्येक वर्ष कुन अनुपातमा र कुन निकायलाई के कति सामाग्री खरिद गरी उपलब्ध गराएको छ सो को अभिलेखिकरण नहुँदा खर्चमा मितव्ययिता तथा प्रभावकारी तवरले खर्च भएको देखिँदैंन । अत: यस्तो खर्च गर्दा लगत राखि खर्च गर्नुपर्दछ र शोधभर्ना भुक्तानीलाई निरुत्साहीत गर्दै पालिकाले नै आर्थिक वर्षको आवश्यक सामाग्री यकिन गरी एकमुष्ठ खरिद गरी सामाग्री वितरण गर्नु प्रभावकारी देखिन्छ ।

४३ **महिलाहरुको सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रमको बढी भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।व्यास नगरपालिका खर्चको मापदण्ड २०७९ मा व्यवस्था भएअनुसार प्रतिबेदन लेखनको १५ दिनसम्मको तालिम कार्यक्रमको एकमुष्ठ रु १००० उल्लेख छ ।साथै स्टेश्नरी वापत प्रतिसहभागी रु १५० तथा संयोजक भत्ता ३ दिनसम्मको एकमुष्ठ रु १००० दिन मिल्ने उल्लेख छ ।पालिकाको भौ नं १३५८ मिति २०८१।२।२ बाट महिलाहरुको सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रम को २ दिनको तालिम कार्यक्रममा प्रतिबेदनको रु २००० भुक्तानी गरेकोले कर बाहेक बढी भुक्तानी रु ८५० , संयोजकको १ दिनको कर बाहेक रु ८५० तथा स्टेश्नरी वापत ४७ सहभागीको रु १५० दरले रु ७०५० खर्च लेख्न मिल्नेमा रु १४७३०.00 लेखेकोले करबाहेक रु ७५६५ गरी कुल सम्म खर्च गर्न मिल्नेमा रु १३२४०.00 खर्च गरेकोले बढि रु ८८९० गरी जम्मा ९२६५ बढी खर्च लेखेको असुल हुनुपर्ने रु......

असुल गर्नुपर्ने	९,२६५

४४ **कार्यविधि बेगरको खर्च :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले वजेट विनियोजन गरी कार्यक्रमहरु सञ्चालन गर्दा कार्यविधि तयार गरी सो अनुसार खर्च गर्नुपर्दछ । यस पालिकाले निम्नानुसारको कृषिका कार्यक्रमहरु सञ्चालन गरी खर्च लेखेकोमा कार्यविधि तयार नगरी खर्च लेखेको छ ।निम्नानुसारको कार्यक्रम पालिकाले विभिन्न वडामा सञ्चालन गरेकोमा कार्यविधि नहुँदा छनौटको मापदण्ड तथा आधार के हो सो खुल्ने देखिएन भने अनुदानको अवस्था, लागत सहभागीता तथा सो बाट किसान तथा पालिकाले लिनसक्ने लाभको समेत मूल्यांकन भएको पाइएन ।अत: पालिकाले यस किसिमको कार्यक्रम सञ्चालन गर्दा पालिकाकै कार्यविधि तयार गरी खर्च गर्नुपर्नेमा सो नभएको खर्च अनियमित देखिएको रु.......

भौ न।मिति	प्रयोजन	भुक्तानी पाउने	रकम	कैफियत
१५८९ २०८१। ३।१	मौरी पालन लगायत उद्यमशिलता कार्यक्रम	विभिन्न २५ कृषकलाई ७५% अनुदानमा वितरण गरेको	४१४२५०	सुचना प्रकाशन नगरेको अनुगमन प्रतिबेदन नरहेको तथा छनौटको आधार नरहेको
८९५ २०८०। ११।१३ १००० २०८०। ११।३०	आलु लगायत तरकारी पकेट क्षेत्र ५०% अनुदान कार्यक्रम	१७४ कृषक समूह, टोल तथा सहकारीहरु	११८६०००	मागको आधारमा कार्यक्रम गरेको तथा कार्यविधि नरहेको ।अनुगमन नगरेको तथा स्पष्ट लाभग्राही छनौटको आधार नभएको। व्यवसायिक योजना प्रतिबेदन नरहेको ।
		जम्मा	१६००२६०	

अनियमित भएको	१६,००,२६०

४५ **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता :**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को दफा ९(४) मा स्थानीय तहस्तरीय प्रतियोगितामा संलग्न गरीने खेलका इभेन्ट्सहरु अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुने उल्लेख रहेको र अनुसूची-४ बमोजिमका अनिवार्य खेलहरु अन्तर्गत छात्रा र छात्रको संचालन हुने गरी भलिवल, कबड्डी, एथलेटिक्स, मार्सल आर्ट (उसु, कराते र तेक्वाडो) मा बिभीन्न ३० वटा विधामा प्रतियोगिता संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं १७५७। २०८१।०३।१६ बाट राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको लागि रु ५०००००.00 खर्च गरेको छ ।उक्त कार्यक्रम पालिकाले सञ्चालन नगरी निर्मल मा वि ले सञ्चालन गरी सोही विद्यालयको खातामा रकम भुक्तानी गरेको छ । निर्देशिका बमोजिमको खेलका इभेन्ट्सहरु सञ्चालन , छात्र छात्रा सबैको समान सहभागिताको सुनिश्चितता र खेलकुदका अन्य क्रियाकलाप सञ्चालन गरेको नगरेको सम्बन्धी कुनै पनि कागजात श्रेस्तामा संलग्न देखिएन। कागजात परिक्षण गर्दा उक्त खेलमा खाजा खर्च रु ७५५९५.00 तथा ३ दिन सो कार्यक्रम गरी १९ स्वयंसेवक, २१ कर्मचारी तथा ३ कम्प्युटर कर्मचारीहररु जम्मा ४३ कर्मचारीहरुलाई रु ६८२००.00 खर्च लेखेको छ ।उक्त कर्मचारीहरुको कार्यजिम्मेवारी स्पष्ट श्रेष्तासाथ रहेको छैन तथा अन्तरमावि र जिल्लास्तरीय खेलकुद सञ्चालन गरेको मिति तथा इभेन्ट्स खुल्ने प्रतिवेदन पेश भएको छैन साथै पारिश्रमिक तथा अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण समेत नरहेकोले सो को प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.......

अनियमित भएको	५,००,०००

४६ **सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रमको बढी भुक्तिानी :**

व्यास नगरपालिका खर्चको मापदण्ड २०७९ मा व्यवस्था भएअनुसार प्रतिबेदन लेखनको १५ दिनसम्मको तालिम कार्यक्रमको एकमुष्ठ रु १००० उल्लेख छ ।साथै स्टेश्नरी वापत प्रतिसहभागी रु १५० तथा संयोजक भत्ता ३ दिनसम्मको एकमुष्ठ रु १००० दिन मिल्ने उल्लेख छ ।पालिकाको भौ नं १३५८ मिति २०८१।२।२ बाट महिलाहरुको सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रम को २ दिनको तालिम कार्यक्रममा प्रतिबेदनको रु २००० भुक्तानी गरेकोले कर बाहेक बढी भुक्तानी रु ८५० , संयोजकको १ दिनको कर बाहेक रु

८५० तथा स्टेश्नरी वापत ४७ सहभागीको रु १५० दरले रु ७०५० खर्च लेख्न मिल्नेमा रु १४७३०।०० लेखेकोले करबाहेक रु ७५६५ गरी कुल सम्म खर्च गर्न मिल्नेमा रु १३२४० खर्च गरेकोले बढि रु ८८९० गरी जम्मा रु ९२६५।००बढी खर्च लेखेको असुल हुनुपर्ने रु.......

असुल गर्नुपर्ने	९,२६५

४७ **सिप विकास कार्यक्रमको बढि भुक्तानी:**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।व्यास नगरपालिका खर्चको मापदण्ड २०७९ मा व्यवस्था भएअनुसार प्रतिबेदन लेखनको १५ दिनसम्मको तालिम कार्यक्रमको एकमुष्ठ रु १००० उल्लेख छ ।साथै स्टेश्नरी वापत प्रतिसहभागी रु १५० सम्म खर्च गर्न मिल्नेमा पालिकाको भौ नं १३५० मिति २०८१।२।२ बाट महिलाहरुको सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रम को ३ दिनको तालिम कार्यक्रममा प्रतिबेदनको रु ३०००.00 भुक्तानी गरेकोले कर बाहेक बढी भुक्तानी भएको रु १७०० तथा स्टेश्नरी वापत रु ४३५० सम्म खर्च गर्न मिल्नेमा रु १३२४०.00 खर्च गरेकोले बढि रु ८८९० गरी जम्मा १०५९० असुल हुनुपर्ने रु.......

असुल गर्नुपर्ने	१०,५९०

४८ **विपद व्यवस्थापन शिर्षकबाट भएको खर्च :**

विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुँदा नं ५ मा कोषको रकम खर्च गर्ने सम्बन्धि व्यवस्था गरेको छ ।सो अनुसार बाढि पहिरोको जोखिम रहेको स्थान तथा ताल, नदी तथा हिमतालले निम्त्याएको जोखिम र तत्काले अल्पीकरण नगरे विपद्जन्य घटना हुनसक्ने अवस्थामा विपद् कोषको रकम खर्च गर्न सकिने साथै अन्य विविध अवस्थाको बारेमा उल्लेख गरेको छ ।त्यस्तै बुँदा नं १५ मा राहत कार्यमा कोषको रकम खर्च गर्दा ध्यान दिनुपर्ने विषयको बारेमा उल्लेख गरेको छ । सो अनुसार सामुहिक राहत हुने प्रकृतिको सहयोगको व्यवस्था गर्न सकिने, अन्य प्रकोपजन्य अवस्थहरु जस्तै शितलहर, तातो हावा, सुख्खा, खडेरी, भोकमरी लगायतका प्रकोपज्य क्षेत्रमा राहत खर्च गर्न सकिने उल्लेख छ। पालिकाले निम्नानुसारको खर्च गर्दा विपद् व्यवस्थापन शिर्षकबाट खर्च गरेकोमा कार्यविधिमा भएको व्यवस्था विपरित नियमित प्रकृतिको कार्य ,पहिल्यै बजेट तथा कार्यक्रम नछुट्याएको अवस्थामा वा बजेट अपुग रहेको अवस्थामा यस विपद व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरेको पाइएकोले यस किसिमको कार्यविधि विपरित गरेको खर्च अनियमित देखिएको रु......

भौ न।मिति	भुक्तानी पाउने	रकम	प्रयोजन	कैफियत
१३३२ २०८१।१।३१	मोहरियाटार मोटर मार्ग ग्राबेल उ स	७७११२.00	मोटर मार्ग ग्राबेल गर्ने अधुरो कार्य सम्पन्न	उक्त शीर्षकबाट वडाको अधुरो निर्माण कार्यको काम सम्पन्न गरेको
१३४४ २०८१।२।१	विजुलीमाया अछामी	१००००.00	पाइप खरिद	समितिको माइन्युटबाट विपद वापतको सहयोग गरेको व्योरा खुल्दैन ।
१५०८ २०८१।२।२३	तल्लो पोल्याङ्ग टोल खेलमैदान अधुरो खापा टंकि निर्माण	३४८३८.00	खानेपानी टंकी निर्माण	उ स को अंश नरहेको
१२३६ २०८१।१।५	इन्द्रकुमारी श्रेष्ठको घर मर्मत कार्य	५००००.00	घर मर्मत कार्य	सुरक्षित नागरिक आवास कार्यक्रमबाट बन्चित भएकोले यस शिर्षकबाट भुक्तानी गरेको
	जम्मा	१७१९५०.00		

अनियमित भएको	१,७१,९५०

४९ **कार्यक्षेत्रभन्दा असम्बन्धित खर्च :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । दमौली टायर एण्ड ट्रेड सप्लायर्सलाई जिल्ला अदालत कार्यालयको लागि ईन्भर्टर व्याट्रीखरिद गरी वितरण गरेकोमा पशु चिकित्सक तलब शीर्षकबाट रु ८२०००।०० र न्यायिक समिति मेलमिलाप तथा मध्यस्थता प्रशिक्षण व्यवस्थापन शीर्षकबाट रु ३३८०००।०० गरी कुल रु ४२००००।०० को व्याट्री खरिद गरी उक्त कार्यालयलाई भुक्तानि गरेको छ । यसरी फरक शीर्षकबाट पालिकाले खर्च गर्नसक्ने भन्दा फरक कार्यक्षेत्रलाई खर्च गरेको रकम अनियमित देखिएको रु

अनियमित भएको	४,२०,०००

५० **प्रमाणित हाजिरी तथा कार्यविवरण :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।भौ न ६३७ मिति २०८०।९।२५ मा अधिकृत भाग्यशाली ढुंगानालाई २०८०श्रावण देखि मंसिर सम्म शनीबार तथा सार्वजनिक विदाको दिन काम गरेको भनी निजको खातामा रु १३९५००।00 भुक्तानी गरेकोमा उक्त दिन के के काम गरेको हो सो को प्रमाणित हाजिरी तथा कार्यविवरण पेश गर्नुपर्ने रु........

प्रमाण पेश नगरेको	१,३९,५००

५१ **नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना (NUGIP) कार्यक्रम नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना (NUGIP) कार्यक्रम :**

५१.१ नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना (NUGIP) कार्यक्रम नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना (NUGIP) कार्यक्रम मार्फत यस पालिकाले नगरपालिकामा निर्माण हुने पूर्वाधारहरुको डीजाईन तथा सुपरभिजन कार्यका लागि परामर्शदाता BOTEK BOSPHORUS TECHNICAL JV GOEC NEPAL PVT.LTD सँग रु २८०८०५०० (मू अ करसहित)मा सम्झौता गरी हालसम्म रु ९५१३३७२ पाँचौ रनिङ विलसम्मको भुक्तानी गरेको छ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : यस ठेक्काको तेस्रो रनिङविल भौ नं ४ मिति २०८०।७।०१ बाट रु २७५३२४५ भुक्तानी गरेकोमा Provisional sum towards unallocated experts for any unforeseen or additional volume of works or additional identified urban sectors etc which is not covered by current scope अर्थात कामको समयमा कुनै अन्य थप काम गर्नुपर्ने वा कुनै अकल्पनिय कार्य गर्नुपर्ने अवस्था आएमा सो कार्य गर्नका लागि यस व्यवस्थाबाट रकम खर्च गर्न सकिने प्रावधान राखेकोमा यस विलमा रु १५०००० खर्च लेखी भुक्तानी भएको छ । सम्झौता अनुसारको भन्दा कुनै विशेष वा असामान्य अवस्था श्रृजना भइ तोकिएको भन्दा फरक स्टाफ राखी कुनै थप कार्य गरेको तथा त्यस्तो फरक कार्य गर्नुपरेको लिखित जानकारी पालिकालाई नदिएको अवस्थामा यस किसिमको खर्च लेख्न मिल्ने देखिँदैन ।अत: विलमा सो प्रावधानमा खर्च भएको उल्लेख गरी पुष्ट्याई तथा आधार बेगर रु १५०००० खर्च लेखेकोले उक्त रकम असुल हुनुपर्ने रु...........

असुल गर्नुपर्ने	१,५०,०००

५१.२ Preparation of Municipal Transport Masterplan Preparation of Municipal Transport Masterplan तयरा गर्ने कार्यका लागि Habile Engineering Consultancy Pvt.Ltd सँग मिति २०८१।१२।२८ मा सम्झौता गरी ३ महिनाको अवधि रहेकोमा २०८१।३।२३ मा उक्त कार्यसम्पन्न गरी रु १४९४५८५.00 रकम भुक्तानी गरेकोमा उक्त मास्टर प्लानको प्रतिबेदन PAMS दाखिला गरेको प्रमाण पेश नभएकोले सो पेश हुनुपर्ने रु........

प्रमाण पेश नगरेको	१४,९४,५८५

५१.३ सोही ठेक्काको क्रियाकलाप मा Surveys , Investigation and Data collection कार्यका लागि १० लाख रकम राखी यस रनिङविल बाट रु ४००००० खर्च लेखेकोमा सो कार्य गर्न आवश्यक भएको लिखित पत्र वा सहमति लिएको तथा सो कार्य भएको प्रमाण रहेको छैन । विभिन्न non key स्टाफहरु जस्तै Urban Planner, Environmental Specialist, Social Development Specialist, Geotechnical Engineers, Road safety Engineer, Surveyor, CAD engineer, Quantity surveyor लगायतको स्टाफहरु BOQ मा उल्लेख गरी कार्य भएको अवस्थामा थप अन्य स्टाफसमेत राखी खर्च लेखेको आधार स्पष्ट नरहेकोले आवश्यक प्रमाण पेश गर्ने अन्यथा सो रकम असुल हुनुपर्ने रु......

असुल गर्नुपर्ने	४,००,०००

५२ वडा नं ६ चन्द्रोदय बहुउदेश्य भवन निर्माण

वडा नं ६ चन्द्रोदय बहुउदेश्य भवन निर्माण कार्यका लागि Eco Zone Architect and Construction Pvt.Ltd सँग २०७९।१२।१४ मा कार्यादेश दिई २०८०।१०।२९ मा निर्माण कार्यसम्पन्न भई रु ५७१५२५१।०० रकम भुक्तानी भएको छ ।उक्त निर्माण कार्यको विमा वापत रु ७००००।०० राखि सम्झौता गरेकोमा विमा गरेको पाइएन ।सोही सम्झौताको GCC 71.2 मा निर्माण कार्य सम्पन्न भएको ९० दिनभित्र “as built drawing” अनिवार्य पेश गर्नुपर्ने उल्लेख गरेकोमा उक्त निर्माण सम्पन्न भएकोमा लेखापरीक्षणको समयसम्म पनि “as built drawing” पेश नभएकोले सो पेश हुनुपर्दछ ।

५३ वडा नं १४ वडा कार्यालय भवन निर्माण :

उक्त निर्माण कार्यका लागि Biswas and Bipu construction सँग रु २५५६३९२ (मु अ कर सहित) मा मिति २०७९।११।१ मा सम्झौता गरी ६ महिना निर्माण अवधि रहेकोमा पालिकाबाट म्याद थप भई २०८०।८।२८ मा निर्माण कार्य सम्पन्न गरी नगरपालिका पूँजीगत भौ नं १३८ मिति २०८०।६।२९ बाट रु ७०८८५२ तथा भौ नं ११८८ मिति २०८०।३।२४ बाट रु १२८६६५९।०० जम्मा रु १९५७८३९।०० मा निर्माण कार्य सम्पन्न गरेको छ । उक्त कार्यको लागत अनुमान रु ३३०४०३८।०० रहेकोमा यस निर्माण व्यवसायिले रु २५५६३९२।०० मा सम्झौता गरी निर्माण सम्पन्न गरेकोमा सम्झौताभन्दा रु ५९८५५३।०० घटि कार्य गरी निर्माण सम्पन्न गरेको पाइएको छ । ढुंगाको सोलिङ गर्ने ,प्लास्टर, पेन्टिङ , ट्रस लगायतको काम सम्झौता भन्दा घटी परिमाणको निर्माण सम्पन्न गरेको देखिएको छ ।यसरी सम्झौता भन्दा घटी काम भई भुक्तानी गर्नुको कारण स्पष्ट खुलाएको तथा प्राविधिक पुष्ट्याई संलग्न गरेको पाइएन । अत सम्झौताभन्दा घटी वा बढि परिमाण तथा रकममा कार्य सम्पन्न गरेको अवस्थापमा प्राविधिक पुष्ट्याई सहित मात्र भुक्तानी गर्नु औचित्यपूर्ण हुनेले यस तर्फ पालिकाको ध्यान जानुपर्दछ । सोही ठेक्काको GCC 71.2 मा As Built Drawing निर्माण कार्य सम्पन्न भएको ९० दिन भित्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने उल्लेख गरेकोमा सो अनुसार As Built Drawing पेश गरेको छैन ।

५४ ठेक्का बन्दोवस्त –

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

रु हजारमा

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	२०	६२५०७३	५	१६११७	६	८३४७७	९	५२५४७९	११	१२७६५९

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.१२ करोड ७६ लाख ५९ हजार लागतको २० ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.,१,६१,१७,१६४।०० को ५ वटा ठेक्का व्यवस्थापन भएको, दोश्रो चौमासिकमा रु.८,३४,७७,१४२।०० को ६ ठेक्का र तेश्रो चौमासिकमा रु.५२,५४,७९,६७३।०० को ९ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का

व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. १२ करोड ७६ लाख ५९ हजार बराबरको ११ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

५५ **सोझै खरिदः**

सोझै खरिद- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सोही ऐनमा एउटै व्यक्ति। फर्म।कम्पनीसँग एकै पटक वा पटक पटक गरी रु ५ लाख भन्दा बढी खरिद गर्न नहुने र खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक खरिद गरेको देखिएको छ ।पालिकाको मसलन्द तथा कार्यालय सामाग्रीमा कुल विनियोजन रु ३३ लाख रहेकोमा रु २४७२५१९ खर्च गरेको छ । त्यस्तै अफिस फर्निचर तथा फर्निसिङमा ३ वटा फर्मवाट रु १८५१९२७।०० पटक पटक खरिद गरी रु ५ लाख भन्दा बढीको भुक्तानी गरेको छ । अत: ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५६ **सार्वजनिक जग्गामा भवन निर्माण** -

सार्वजनिक जग्गामा भवन निर्माण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले नक्सा पास नगराई भवन निर्माण गरेको कुनै पनि अभिलेख राख्ने गरेको पाईएन। अभिलेख अध्यावधिक गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५७ **निर्माण कार्य व्यवस्थापन** –

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०। ८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

योजना संख्या	**ठेक्का मार्फत**		**उपभोक्ता समिति मार्फत**	
	संख्या	**रकम**	**संख्या**	**रकम**
१००१	४३क्रमागत समेत	१९९६८०३८७	९५८क्रमागत समेत	१९४९३९१००

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १००१ योजनामा मध्ये ठेक्का मार्फत ४३ वटा योजनामा रु १९ करोड ९६ लाख ८० हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ९५८ योजनामा रु १९ करोड ४९ लाख ३९ हजार खर्च गरेको छ । अर्थात १००१ योजनामा भएको खर्च मध्ये ५०.६० प्रतिशत ठेक्का प्रक्रिया र ४९.४० प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

५८ **योजना छनौट र कार्यान्वयन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ । रु हजारमा

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु.१ लाखभन्दा कमको योजना	१०१	९६४६२३४
२	रू.१ लाख देखि रू.३ लाख सम्मका योजना	२४९	५२८६८४८५
३	रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना	५६	२५४३७७३१
४	रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना	४६	४१४७८३२२
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	३८	६३०५५१५२
६	रू.२५ लाख भन्दा माथीका योजना	२८	२९५२३१०७६
	जम्मा		४८७७१७०००

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

५९ **कर्मचारी करार :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ११५ जना कर्मचारीहरु करारमा राखी रु.५३१८८०६५। भुक्तानी दिइ खर्च लेखेको छ ।पालिकाको ४१ औ नगर सभाबाट २२० जना र ४० औ नगर सभाबाट स्वास्थ्य तर्फ थप ५९ जनाको दरवन्दी स्वीकृत गरेको कार्यालयले जनाएको छ । कार्यालयले आन्तरिक श्रोतको दिगो व्यवस्थापन र कार्य बिश्लेषण सहित संगठन व्यवस्थापन र सर्भेक्षण गरेर मात्र थप दरवन्दी स्वीकृत गर्नुपर्नेमा सोबेगर नै सभाले दरवन्दी थपगरी करारमा नियुक्ति गर्ने कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

६० **कर्मचारी कल्याण कोषः**

कर्मचारी कल्याण कोषः

कल्याण कोष स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गत बिगतको बाकी मौज्दात रु. १८२६०२१३.८९ र यो वर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी जम्मा गरेको रु. ६६५१३९३ लाखमा यो वर्ष खर्च रु.४७१५०३२.४६ गरी बर्षको अन्त्यमा रु. २०१९६५७४.४३ बाकी मौज्दात रहेको देखिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाको आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीलाई खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले पेश गरेको कर्मचारी कल्याण कोषको विवरण अनुसार गत बर्षको अल्या रु.१ करोड ८२ लाख ६० हजार रहेकोमा यस वर्ष आम्दानी रु.६६ लाख ५१ रहेको छ भने खर्च रु.४७ लाख १५ हजार खर्च भई कोषको मौज्दात रु.२ करोड १ लाख ९६ हजार बाँकी रहेको देखिन्छ। हालसम्म रु.१३ लाख ५० हजार मात्र ऋण लगानी भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

१.कर्मचारी कल्याणकोष विनियम, २०६७ स्थानीय स्वायत शासन ऐन, २०५५ को दफा २६५(२) र स्थानीय स्वायत नियमावली, २०५६ को २७५ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी कल्याणकोष विनियम,२०६७ तर्जुमा गरेको देखिएकोले यसलाई स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार परिमार्जन गरिनुपर्दछ।

२.कर्मचारीले खाईपाई आएको तलबको १० प्रतिशतले हुने रकम कोषमा जम्मा गर्ने गरेको पाईएन्। यो बर्ष कोषको आम्दानी रु. ६६ लाख ५१ हजार भएको छ भने खर्च रु. ४७ लाख १५ हजार भएकोले कोषको दिगोपनामा असर पर्ने देखिन्छ। प्राप्त हुने बाँकी सावाको ब्याज स्पष्ट देखिने गरी हिसाव राख्नुपर्नेमा व्याज प्राप्ति विवरण हिसाव गरी उल्लेख गरिएको देखिएन।

3.यस कोषको उद्धेश्य कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलई औषधी उपचार गर्न, कर्मचारीका छोराछोरीलाई शिक्षा दिन, कुनै कर्मचारी वा निजको परिवारलाई दैवीप्रकोप वा दुर्घटनाको कारण आर्थिक संकट परेमा संचालक समितिको निर्णय वमोजिम तोकेको व्याजदरमा ऋण उपलब्ध गराउन, वहालवाल कर्मचारीको मृत्यु भएमा निजको परीवारलाई आर्थिक सहयोग गर्न, कर्मचारी वा निजको परीवारको सदस्यको मृत्यु भएमा दाह संस्कार र किरिया खर्च उपलब्ध गराउन तथा निश्चित प्रतिशत व्याजदरमा कुनै कर्मचारीलाई घर जग्गा सापटी वा घरजग्गाको धितोमा दिईने कर्जा उपलब्ध गराउन सहयोग गर्ने हेतुले यस कोषवाट भएको ऋण लगानीमा तिर्नुपर्ने र व्याजदर समसामयिक एवं सहुलियतपुर्ण बनाउनुपर्दछ।

4.पालिकाको कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि २०७८ को बुँदा नं ३ बमोजिम कोष सञ्चालनका लागि नगरपालिकामा स्थानीय सेवा तर्फका स्थायी , अस्थायी तथा करारका कर्मचारीहरुले पाउने शुरु तलब स्केलको वार्षिक कम्तीमा एक महिना बराबरको रकम नगरपालिकाबाट उक्त कोषमा जम्मा गरिने उल्लेख छ । तर पालिकाले हालसम्म सो बमोजिम कोषमा रकम जम्मा गरेको पाइएन ।

5.उक्त कोषबाट यस वर्ष सेवा निवृत्त हुनुभएको अधिकृत छैँठौ श्री भाग्यशाली ढुंगानालाई निज २०८०।११।१ गतेबाट राजीनामा गरी सेवाबाट अलग हुनुभएकोमा निजलाई उपादान रु ४७१५०३२। भौ नं ४ मिति २०८०।११।६ मा भुक्तानी गरेको छ । निजले यस कोषमा गरेको योगदान नरहेको अवस्थामा यस किसिमको खर्च नियमसम्मत नरहेको रु........

६१ **पदाधिकारी सुविधा :**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा जम्मा रु.१५५८४५००।- पदाधिकारी सुविधामा भुक्तानी गरेको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

६२ **कार्यसम्पादन जमानत:** (१३६-२०८०-६-२९):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । त्यस्तै नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रईङ डिजाईन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । वहुउदेश्यीय भवन निर्माण तला थपको लागी नगरपालिका र श्री पि एस शान्ती निर्माण सेवा काठमाण्डौ विच मिति २०७८।०८।०२ मा रु १२६५८११३.00 मा सम्झौता भई तेस्रो रनिङ्ग विल सम्म रु ११०३७६९१.00 भुक्तानी भईसकेको छ । कार्यालयवाट मिति २०८१।९।मसान्त सम्म म्याद थप भएपनि निर्माण सेवाले २०८०।१२।९ मा कार्यसम्पन्न भईसकेको विवरण दर्ता गरेको देखिन्छ तर सनराईज वैंकको रु २०७०२२५.00 को मिति २०८१।११।९ सम्मको मात्र कार्यसम्पादन जमानत पेश गरेकोले लेखापरिक्षण अवधि सम्म वांकि भुक्तानी रोकि कार्यसम्पन्न पेश भएको छैन। श्री पि एस शान्ती निर्माण सेवा काठमाण्डौले मिति २०८२।२।२० सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२०,७०,२२५

६३ **निर्माण व्यवसायीवाट काम गराएकोः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेगर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाईलर जस्ता हेभि मेसीनहरु प्रयोग गर्न नपाईने व्यवस्था छ। तर लागत अनुमान तयार गर्दा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सम्वन्धित निकायवाट सहमति लिई त्यस्तो मेसिन प्रयोग गर्न सकिने व्यवस्था रहेकोमा तपशिल वमोजिमका

उपभोक्ता समितिले जे. सि. भि. प्रयोग गरि विल पेश गरेकोमा सम्वन्धित निकायवाट सहमति नलिएको पाईएकोले अनियमित देखिएको रु.

गो.भौ नं/मिति	उपभोक्ताको नाम	कुल भुक्तानी रकम	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीलाई भुक्तानी रकम
५।२०८०।०५।०७	शहिद धर्म मोटरमार्ग उपभोक्ता समिति	४६७८६३	एस के एस कन्स्ट्रक्शन	४६७८६३।००
५३।२०८०।०५।११	सनसरी मोटर मार्ग स्तर उन्नती उ स	३३२३२५	छाव्दी बाराही कन्स्ट्रक्शन प्रा ली	४००६८७।००
८४।२०८०।५।२४	कालिका मार्ग स्तरीकरण	३५०००००	एस के एस कन्स्ट्रक्शन	४६२०००।००
५८१।२०८०।१२।१५	पिपलथोक मार्ग मर्मत उपभोक्ता समिति		छाव्दी वाराही कन्ट्रक्शन प्रा लि	१३४९९९।००
६४४।।२०८१।१।३	भोटेनी सिस्ने भित्र मोटर मार्य स्तरीकरण		राजारानी कन्स्ट्क्सन प्रा लि व्यास ९	१४३९९९।००
	जम्मा			१६०९५४८।००

अनियमित भएको	१६,०९,५४८

६४ **सहकारी संस्थाको अनुगमनः**

नेपालको संविधान २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता अनुगमन नियमन गर्ने अधिकार नगरपालिकामा रहने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	**सहकारी संख्या**	**सदस्य संख्या**	**शेयर पूँजी रु**	**बचत रु**	**ऋण लगानी रु**	**जगेडा कोष**
वचत तथा क्रृण सहकारी संस्था लि.	३७	२४८५०	५८१८३०८०००	११३१३६३४८०	१६३७९८२२५२	१५३३८९५२९।००
बहुउदेश्यीय सहकारी संस्था लि.	५	३२६१	२६६३९९५०	७८८५७२२९	२१९१०८०४७	
कृषि सहकारी संस्था लि.	३०	४१८१	५६४३५०८८	१८१७६०५६०	१८६७८९३२६	
उपभोक्ता सहकारी संस्था	५	३१०	३१७१५६००	२४१७७६८७	५०३९२७४५	
दुग्ध उत्पादक सहकारी संस्था	८	६५२	१२३४१४७५	४३८८५११	५६५१४९१८	
जम्माः	८५	३३२५४	७०८९६२९१३	१४६००४४०६७	२१५०७८७२८८	१५३३८९५२९।००

पालिकाको कार्यक्षेत्रभित्र कुल ८५ सहकारी दर्ता भएकोमा यस वर्ष १६ सहकारी अर्थात १९ प्रतिशत मात्र सहकारीको अनुगमन गरेको पाईयो । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि अत्यन्त न्युन मात्रामा अनुगमन भएको देखिदा सहकारी संस्थामा देखिएका विचलन न्युनिकरण गर्न ध्यान नपुगेकोले सहकारी संस्थाको नियमित सघन अनुगमन गर्नुपर्दछ ।

६५ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. १३३४६४६३६।४२ राजस्व बाँडफाँड रु. २४७०९८७५९।५ र अनुदानबाट रु. ८१९९७१६०५।५ समेत रु.१,२५,२८,३२,०७०।३६ आम्दानी भएकोमा चालुतर्फ रु.८१,१२,४७,२५३।१२ र पूँजीगततर्फ रु.

३८,७२,५५,८२३।१७ समेत रु.१,६२,६६,१६,५२५।७१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.२० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. १,५५,८४,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको ११.६७ प्रतिशत रहेको छ । पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा ८.२० प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

६६ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु. १ अर्व ६८ करोड ९१ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरी १५ दिन भित्र २०८०।०३।२३ गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६७ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

कुल बजेट	**चालु बजेट रु.**	**प्रतिशत**	**पूँजीगत बजेट रु.**	**प्रतिशत**
१६८९१२७०००।००	९३९७९६०००।००	५४.३७	७७०८७९०००।००	४५.६३

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.१ अर्व ६८ करोड ९१ लाख २७ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ९३ करोड ९७ लाख अर्थात ५४.३७ प्रतिशत र पूँजीगत तर्फ रु. ७७ करोड ८ लाख ४५.६३ प्रतिशत बजेट विनियोजन भएको छ । चालु बजेटलाई वाञ्छित सिमा भित्र राखि पुंजीगत बजेट अभिवृद्धि गर्नुपर्दछ ।

६८ **अबण्डा बजेटः**

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. ५२ लाख ९१ हजार बजेट अबण्डा राखी नगर प्रमुख तथा वडा समितिको निर्णयबाट देहाए बमोजिम खर्च गरेको छ ।

क्र स	**अवण्डा बजेट रु**	**संचालित योजना संख्या**	**खर्च रु**
१	नगरपालिका तर्फ	सार्वजनिक निर्माण	२८२१८३०।00
२	१४ वटै वडामा	विविध फुटकर खर्च	२४६९३३८।००
जम्मा			५२९११६८।००

बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

६९ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु १ अर्व १९ करोड ८५ लाख ३ हजार ७६ रुपैया खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु १६ करोड ५२ लाख ५२ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७० **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु हजारमा)

मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	७,६४,००	४,४५,७४	५८.३४
सामाजिक विकास	६४,७७,५७	५४,०४,२०	८३.४३
पूर्वाधार विकास	५३,९०,४३	३१,३७,१५	५८.२
सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	३,२६,११	२,७२,७६	८३.६४
कार्यलय सञ्चालन	३३,६५,६५	२७,२५,१५	८०.९७
जम्मा	१,६३,२३,७७	१,१९,८५,०३	७३.४२
जम्मा	१,६३,२३,७७	१,१९,८५,०३	७३.४२

उपरोक्तानुसार कुल खर्च मध्ये आर्थिक विकासमा ५८.३४, प्रतिशत सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ८३.६४ र पूर्वाधार विकासमा ५८.२ प्रतिशत खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रद्बतिको विकास गर्नुपर्दछ ।

७१ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

गत वर्षबाट सरेका विवाद	**यस वर्ष दर्ता भएको**	**जम्मा**	**फछ्र्यौट/कारवाही भएका विवाद**	**फछ्र्यौट/कारवाही हुन बाँकी विवाद**
९	५४	६३	२५	३८

उपरोक्तानुसार गत वर्षको ९ वटा यो वर्ष ५४ गरि जम्मा ६३ वटा मुद्धा दर्ता भएकोमा २५ वटा फछ्र्यौट भई ३८ वटा मुद्धा वांकी रहेको छ । फछ्र्यौट हुन वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

७२ **सेवाप्रवाहको स्थितिः**

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका ३२०७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर केकति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

विवरण	सेवा संख्या
जन्म दर्ता	११६०
मृत्यु दर्ता	५३८
बसाईसराई दर्ता	६९१
विवाह दर्ता	६७९
सम्बन्ध विच्छेद दर्ता	१३९
जम्मा	३२०७

७३ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

सि.नं.	**पूँजीगत खर्च शीर्षक**	**कुल खर्च**	**त्रैमासिक खर्च (रु.हजारमा)**				**आषाढ महिनाको मात्र खर्च**
			प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	
१	पूँजीगत, संघीय प्रदेश, नगरपालिका	६८,५३,३९	१७१३३४	१७१३३४	१७१३३५	१७१३३६	६८,५३,३९
	कूल खर्च	३८७२५५	५०३५९	४२०९१	७०३९१	२२४४१२	१४,१३,२६
	खर्च प्रतिशत	५६.५	१३.०३	१०.८६	१८.१७	५७.९४	३६.४९

उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये चौथो त्रैमासिक पूँजीगत खर्चको ५७.९४ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३६.४९ खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण नियन्त्रण हुनुपर्दछ ।

७४ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम १४४ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	४४
२.	नियमावली	९
३.	कार्यविधि तथा निर्देशिका	७३
४.	निर्देशिका	१२
५.	मापदण्ड	३
६.	आचारसहिंता	१
७.	दिग्दर्शन	१
८.	नीति	१
	जम्मा	१४४

पारित भएका १४४ ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७५ **आन्तरिक नियन्त्रण प्रणालीः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार,जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ३ सुचकमा छैन भन्ने जवाफ दिएको २६ सुचकमा परिपालना भएको र थाहनभएकोमा केही प्रतिकृया प्राप्त भएन । जसअनुसार कुल सुचकमा ३ सुचकको परिपालना नभएको अर्थात १० प्रतिशत कार्यान्वयनमा नल्याएको ९० प्रतिशत कार्यन्वयनमा ल्याएको पाईयो। तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजन भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।



७६ **पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौट गर्ने कार्यविधि तोकेको छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति संस्थालाई कार्य गर्न पेश्की दिएकोमा हालसम्म फछ्यौट भएको नपाईएकोले म्याद नाघेको पेश्की फछ्यौंट गर्नुपर्ने रु.

भौ.नं.	पेस्कीकोविवरण	पेश्कीलिने ब्यक्ति फर्म वा कम्पनीको नाम	म्याद नाघेको	म्याद ननाघेको	कैफियत
५३३	बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि सशर्त अनुदान-नयाँ थप	नविन पराजुलि	३००००००	०	
८८१	सडक बोर्डनेपालको कार्यक्रम न.पा. लागतसहभागिता-७९८.१	डि.सी. कन्ट्रक्सन	२१५०००००	०	
५१	खानेपानीसंरचना निर्माण	लाहुरे काईला विल्डर्स (कन्स्ट्रक्सन)	०	१५६००००	
१	देवीडाँडाचिसापानी लिफ्टिङ्ग खानेपानी तथा सरसफाइ योजना	जि. एस. इन्जिनियरिङ.ग एण्ड बिल्डर्स	६२००००		
१	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितप्रोत्साहन अनुदान-२२२.११	केशवटार माध्यमिक विद्यालय	६५००००	०	
२	सेवा रपरामर्श खर्च-६९०	इन्टिग्रेटेड रिसोर्स सेन्टर प्रा. लि.	४९५००	०	
२	नमूनाविद्यालयमा भौतिक सुधार योजना	श्री जन सेवा प्रा.वि.	८२५००	०	
२	स्वास्थ्यसंस्थाहरुको स्तरीकरण -६१२	सतिश्वारा स्वास्थ्य चौकी कार्यलय	६००००	०	
३०६	जनसेवाप्रा.वि. भवन निर्माण-८१५	जनसेवा प्राथमिक विद्यालय	४९५०००	०	
६८३	व्यास झुलानिर्माण-८११	व्यास नगर समता विद्यालय	३३००००	०	
७६९	विभिन्नजाति जनजाति पूर्वाधार एवं संग्राहलय निर्माण-७७८	भिमसेन गुठी परियार समाज	१०००००	०	
८७९	व्यास गुफायोगा तथा धार्मिक ट्रस भवन निर्माण-८०७	वेदानुयायी प्रतिष्ठान नेपाल	४९५०००	०	
२	सुवागैरासामुदायिक भवन निर्माण-५३३	चिलाउने सुबा गैह्रा टोल विकास संस्था	१०००००	०	
२	रासिभ्ज्याङछाङ मोटर मार्ग स्तरोन्नति	छाब्दी छाँङ्ग रासीभञ्ज्याङ्ग रामकोट मोटर मार्ग	६६०००	०	
२	खड्ककालिमार्ग कालोपत्रे	तनहुँसुर खड्गकाली ग्रामीण मोटर मार्ग	१०००००	०	
२	ढापखोलासाँजा~ चनौटे लिफ्टिङ खानेपानी योजना	तल्लो साँजा चनौटे टोल विकास संस्था	२६४०००	०	
२	अन्यसार्वजनिक निर्माण	क्यामिन कोट कालिका मन्दिर निर्माण समिति	३३००००	०	
२	विविधफुटकर(नयाँ_२०७६माघ२५)	पोल्याङग खानेपानी तथा सरसफाइ उपभोक्ता समिति शिसाखोला वोरिङ लिप्टयोजना	१३२०००	०	
२	अन्यसार्वजनिक निर्माण	शान्तिनगर टोल बिकास संस्था	८२५००	०	
३१६	छाब्दीबसपार्क संरक्षण-८०६	छाब्दी बसपार्क फुर्लुङ्गे मार्ग वाढी नियन्त्रण नाला निर्माणसमिति	३३००००	०	

३८०	बर्लाचीसिकाई केन्द्र - ५६०	बर्लाची सामुदायिक अध्ययान केन्द्र	१४८५००	०	
४९२	व्यायमशालानिर्माण-४१७	व्यामशाला निर्माण समिति	३३००००	०	
५०९	लागतसहभागिताका कार्यक्रमहरु(पूजीगत)-७९९	मगर गुठ भवन निर्माण	१६५०००	०	
१०२२	गोवर्धनशर्मा कृषि अध्ययन अनुसन्धान कार्यक्रम-९८	गोवर्धन शर्मा स्मृती कोष	१६५०००	०	
१०२३	वडाभरट्राफिक सचेतना वोर्ड सहित जेव्रा क्रसिङ निर्माण-१४१	ट्राफिक सचेतना तथा जेब्रा क्रसिङ्ग निर्माण समिति	१३२०००	०	
५३२	लागतसहभागिताका कार्यक्रमहरु(पूजीगत)-७९९	विश्व शान्ति बौद्ध गुम्बा निर्माण समिति	१६५०००	०	
७२१	वडाकार्यालय कम्पाउड निर्माण - ७१७	वडा कार्यालयमा कम्पाउण्ड निर्माण कार्य समिति	१०००००	०	
७८४	लागतसहभागिताका कार्यक्रमहरु(पूजीगत)-७९९	वेलटारी जामुने डिप वोरिङ खानेपानी उपभोक्ता समिति	३३००००	०	
८९४	लागतसहभागिताका कार्यक्रमहरु(पूजीगत)-७९९	गोल्ला सामुदायिक भवनमा टवाइलेट तथा पार्क निर्माण	१६५०००	०	
			८४३७०००	१५६००००	

पेश्की	८४,३७,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : व्यास नगरपालिका, तनहुँ , ब्यास नगरपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Kashi Ram Gaire	२०८१-२-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	हेमन्त गुरुङ	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,७८०,९६८	३४,२५२,९१८	१६,४२७,००६	०	०	८,४३७,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					६०,८९७,८९२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१,१०८,४८१
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					५९,७८९,४११

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६३०३२९३५.९३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	७९२४७६३८२.४८	**चालु खर्च**	८११२४७२५३.१२
प्रदेश सरकारबाट अनुदान	२७४९५२२३	**पूँजीगत खर्च**	३८७२५५८२३.१७
राजश्व बाँडफाँट	२४७०९८७५९.५	**वित्तीय/अन्य व्यवस्था**	४२८११३४४९.४२
आन्तरिक आय	१३३४६४६३६.४२		
अन्य आय	४२८३०१३१५.३		
कुल आय	१६२८८३६३१६.७	**कुल खर्च**	१६२६६१६५२५.७१
बाँकी मौज्दात		१६५२५२७२६.९२	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

१.वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

२.आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

३.नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

४.स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

५.स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

६.भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

७.अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

८.व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

९.एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

१०.खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

११.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

१२.स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

१३.आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

१४.एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

१५.बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

१६.पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१७.कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर

परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

१८.उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

१९.जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

२०.कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

२१.सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

२२.आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

२३.वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

२४.सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

२५.सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

२६.सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर

विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

२७.जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

२८.जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

२९.सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

३०.सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३१.सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

३२.सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।